# इओन "सप्लायर्स हटलाइन" गोपनीयता नीति

इओन कम्पनी लिमिटेड (यसपछि "इओन" भनिनेछ।) तथा सामान्य सम्मिलित संस्था द ग्लोबल अलायन्स फर सस्टेनेबल सप्लाइ चेन (यसपछि "ASSC" भनिनेछ।) ले "सप्लायर्स हटलाइन" (सप्लायर्स हटलाइनमा प्रयोग गरिने ASSC द्वारा प्रदान गरिने स्मार्टफोनको एप्लिकेसन Genba-Wise (यसपछि "Genba-Wise" भनिनेछ।) पर्दछ।) को व्यक्तिगत जानकारी प्रयोगसँग सम्बन्धित निम्न नीति तोकेको छ।

साथै यस प्रत्रमा भएको शब्दावलीको परिभाषा, व्यक्तिगत जानकारीको सुरक्षा सम्बन्धित कानुन (यसपछि "व्यक्तिगत जानकारी सुरक्षा ऐन" भनिनेछ।) तथा सम्बन्धित कानुनी आदेश अनुसार हुनेछ।

## 1 सम्बन्धित कानुनी आदेश र गाइडलाइन आदिको पालना

इओन र ASSC ले व्यक्तिगत जानकारी सुरक्षा ऐन तथा अन्य सम्बन्धित कानुनी आदेश, व्यक्तिगत जानकारी सुरक्षा परिषदद्वारा तोकिएको गाइडलाइन आदि, EU सामान्य डाटा संरक्षण नियमन (GDPR) का साथै अन्य लागू गरिने सम्बन्धित कानुनी आदेश तथा यस गोपनीयता नीति (यसपछि "यस नीति" भनिनेछ।) को पालना गरी, कानुनी आदेश अनुसार सही ढंगमा व्यक्तिगत जानकारी सम्हाल्नेछ। लागू गरिने कानुनी आदेश अनुसार यो नीति परिवर्तन गरिने अवस्थाहरू पनि हुन सक्छन्।

## 2 व्यक्तिगत जानकारी प्राप्त गर्ने

प्रयोगकर्ताले ASSC लाई प्रदान गर्ने व्यक्तिगत जानकारी इओन र ASSC ले इओन र ASSC द्वारा सञ्चालित व्यापारिक गतिविधिको दायरा भित्र रहेर नियमकानुन अनुसार सही माध्यमद्वारा प्राप्त गर्नेछ।

प्रयोगकर्ताले सप्लायर्स हटलाइन प्रयोग गर्ने खण्डमा, इओन र ASSC ले प्रयोगकर्तासँग निम्न जानकारी माग गर्ने अवस्थाहरू पनि हुन सक्छन्।

(1) प्रयोगकर्ताबाट प्रत्यक्ष प्राप्त गर्ने जानकारी

- उमेर अथवा जन्म मिति
- नाम
- इमेल एड्रेस
- अकाउन्टमा याक्सेस गर्ने व्यक्तिको पहिचान प्रमाणीकरणको लागि आवश्यक पासवर्ड आदि र ती बाहेकका अन्य जानकारी
- इओन अथवा ASSC ले Genba-Wise अथवा वेबसाइटमा प्राप्त गर्ने भनेर तोकेको जानकारी
- यी बाहेक इओन अथवा ASSC द्वारा निर्दिष्ट प्रयोगकर्तासँग सम्बन्धित जानकारी

(2) टर्मिनल जानकारी

प्रयोगकर्ताले टर्मिनल अथवा मोबाइल टर्मिनलमा सप्लायर्स हटलाइन प्रयोग गर्ने खण्डमा, इओन अथवा ASSC ले टर्मिनल आइडेन्टिफायर, मोबाइल टर्मिनल आइडेन्टिफायर तथा IP एड्रेस प्राप्त गर्ने अवस्थाहरू पनि हुन सक्छन्। साथै इओन अथवा ASSC ले प्रयोगकर्ताको टर्मिनलसँग सम्बन्धित नाम, टर्मिनलको किसिम, फोन नम्बर, राष्ट्र तथा युजर नेम अथवा इमेल एड्रेस आदि र प्रयोगकर्ताले प्रदान गर्ने भनेर चयन गरेको अन्य सबै जानकारीहरू प्राप्त गर्ने अवस्थाहरू पनि हुन सक्छन्।

(3) स्थान सम्बन्धी जानकारी

प्रयोगकर्ताले टर्मिनल अथवा मोबाइल टर्मिनलमा सप्लायर्स हटलाइन प्रयोग गरी, त्यसमा स्थान सम्बन्धी जानकारी प्रदान गर्ने कुराको स्वीकृति दिएको खण्डमा, इओन अथवा ASSC ले प्रयोगकर्ता हाल रहेको स्थानसँग सम्बन्धित जानकारी प्राप्त गर्ने अवस्थाहरू हुन सक्छन्।

(4) प्रयोगकर्ताको याक्सनसँग सम्बन्धित जानकारी

प्रयोगकर्ताले इओन अथवा ASSC को सेवा प्रयोग गर्दा, प्रत्यक्ष रूपमा इओन अथवा ASSC प्रदान गरेको जानकारी तथा सप्लायर्स हटलाइन प्रदान गरिहेको तेस्रो पक्ष सेवा प्रदायक मार्फत प्रदान गरेको जानकारी इओन र ASSC ले प्राप्त अथवा भण्डारण गर्ने अवस्थाहरू हुन सक्छन्। प्रयोगकर्ताको सप्लायर्स हटलाइन प्रयोग स्थिति, अन्य प्रयोगकर्तासँगको जानकारी आदानप्रदानसँग सम्बन्धित जानकारी प्राप्त गर्ने अवस्थाहरू पनि हुन सक्छन्।

(5) कम्युनिकेसन फङ्सन

प्रयोगकर्ताले सप्लायर्स हटलाइनमा अन्य प्रयोगकर्तासँग कम्युनिकेसन गरी, जानकारी (यसमा टेक्स्ट, युजर प्रोफाइल, मेसेज, फोटो, तस्बिर, अडियो, भिडियो, एप्लिकेसन लगायत अन्य जानकारी कन्टेन्ट पनि पर्दछ) आदानप्रदान गरी निश्चित गतिविधिहरूमा भाग लिएको खण्डमा, इओन र ASSC ले यी कम्युनिकेसनको जानकारीको अभिलेख रेकर्ड तथा भण्डारण गर्ने अवस्थाहरू हुन सक्छन्।

(6) कुकिज प्रयोग गरेको जानकारी प्राप्त गर्ने

सप्लायर्स हटलाइनमा याक्सेस गर्दा, इओन र ASSC ले निम्न निर्दिष्ट प्राविधिक जानकारी प्राप्त गर्नेछ। इओन र ASSC का साथै त्यसको प्रतिनिधि हुने सेवा प्रदायकले लगफाइल तथा ट्र्याकिङ्ग प्रविधि प्रयोग गरी, कुकिज, IP एड्रेस, टर्मिनलको किसिम, मोबाइल टर्मिनल आइडेन्टिफायर, ब्राउजरको किसिम, ब्राउजरको भाषा, हेरेको पृष्ठ तथा एक्जिट पृष्ठ, प्लेटफर्मको किसिम, क्लिक संख्या, डोमेनको नाम, ल्यान्डिङ पृष्ठ, हेरेको पृष्ठ संख्या तथा पृष्ठ हेरेको क्रम, प्रत्येक पृष्ठको URL, निर्दिष्ट पृष्ठ हेरेको समय, एप्लिकेसन अथवा वेबसाइटको स्थिति तथा ASSC को एप्लिकेसन अथवा वेबसाइटमा एक्टिभिटी गरेको मिति र समय तथा अन्य जानकारी प्राप्त र विश्लेषण गर्नेछ। आन्तरिक प्रयोगको लागि यी जानकारीहरू प्रयोगकर्ताको युजर ID नम्बरसँग जोडिने अवस्थाहरू पनि हुन सक्छन्। साथै ASSC ले (i)निर्दिष्ट पृष्ठ हेरेको छ वा छैन, अथवा इमेल खोलेको छ वा छैन निश्चय गर्नको लागि वेब बिकेन, (ii)निर्दिष्ट प्रमोसन मेसेजबाट वर्तमान प्रयोगकर्ता हटाउने, नयाँ इन्सटल स्रोत निर्दिष्ट गर्ने, अथवा अन्य वेबसाइटमा प्रयोगकर्तालाई विज्ञापन प्रदान गर्ने कार्यहरूद्वारा, अझ प्रभावकारी विज्ञापन गर्न सम्भव हुने ट्र्याकिङ्ग पिक्सल लगायत अन्य प्रविधिको प्रयोग गर्ने अवस्थाहरू पनि हुन सक्छन्।

(7) बाहिरी सेवासँग लिङ्क गरेर प्राप्त गर्ने जानकारी

बाहिरी सेवामा प्रयोगकर्ताले प्रयोग गर्न ID तथा उक्त बाहिरी सेवाको गोपनीयता सेटिङ अनुसार प्रयोगकर्ताले लिङ्क गरेको स्थानमा खुलासा गर्न स्वीकृत गरेको जानकारी प्राप्त गर्ने अवस्थाहरू हुन सक्छन्।

3 व्यक्तिगत जानकारीको प्रयोग उद्देश्य

प्रयोगकर्ताले इओन अथवा ASSC लाई प्रदान गरेको व्यक्तिगत जानकारी इओन र ASSC ले निम्न प्रयोग उद्देश्यको दायरा भित्र रहेर अथवा त्यो प्राप्त स्थितिबाट स्पष्ट प्रयोग उद्देश्यको दायरा भित्र रहेर प्रयोग गरी, प्रयोगकर्ताको सहमति भएको खण्डमा, एप्लिकेसनको प्रयोगका सर्तहरू आदिमा भिन्नै तोकिएको खण्डमा अथवा कानुनी आदेशद्वारा स्वीकृति प्राप्त गरेको खण्डमा बाहेक अन्य उद्देश्यको लागि प्रयोग गर्नेछैन।

(1) कारखाना, पसल, अफिस तथा अन्य ठाउँहरूमा काम गरिरहेको व्यक्तिसँग सम्बन्धित व्यक्तिगत जानकारीको प्रयोग उद्देश्य

- कार्यस्थलको श्रम वातावरणको सर्वेक्षण, अनुसन्धान र विश्लेषण
- कार्यस्थलमा श्रम वातावरण सम्बन्धी जानकारी सङ्कलन
- कार्यस्थलमा सुरक्षा सुनिश्चित गर्ने
- जानकारी विश्लेषण नतिजा प्रदान गर्ने
- कर्मचारीको गतिविधिसँग सम्बन्धित सल्लाह
- प्रयोगकर्तासँगको उपयुक्त तथा सहज सम्पर्क

(2) प्रयोगकर्ता आबद्ध संघसंस्था (यसपछि "आबद्ध संघसंस्था" भनिनेछ।), र त्यसको सप्लायर्स (यसपछि "सप्लायर्स" भनिनेछ।) तथा एकै उद्योगका अन्य कम्पनीहरू (यसपछि "एकै उद्योगका अन्य कम्पनीहरू" भनिनेछ।) सँग सम्बन्धित व्यक्तिगत जानकारीको प्रयोग उद्देश्य

- प्रयोगकर्ताको कार्यस्थलको श्रम वातावरणको सर्वेक्षण, अनुसन्धान र विश्लेषण
- प्रयोगकर्ताको कार्यस्थलमा श्रम वातावरण सम्बन्धी जानकारी सङ्कलन
- प्रयोगकर्ताको कार्यस्थलमा सुरक्षा सुनिश्चित गर्ने
- जानकारी विश्लेषण नतिजा प्रदान गर्ने
- सप्लायर्सको गतिविधिसँग सम्बन्धित सल्लाह
- सरकारी कार्यालयहरू र आबद्ध संघसंस्थाहरूप्रतिको आवेदन तथा रिपोर्टहरू
- उपयुक्त तथा सहज सम्पर्क
- म्यागजिन र वेबसाइटप्रतिको योगदान

4 कामको जिम्मा दिने

इओन र ASSC ले व्यक्तिगत डाटाको ह्यान्डलिङ सहयोगी कम्पनीलाई जिम्मा दिने अवस्थाहरू हुन सक्छन्। तर जिम्मा दिने व्यक्तिगत डाटा, जिम्मा दिएको काम पूरा गर्नको लागि आवश्यक न्यूनतम जानकारीमा सीमित हुनेछ।

5 तेस्रो पक्षलाई प्रदान गर्ने

इओन र ASSC ले प्रयोगकर्ताको अग्रिम सहमति भएको खण्डमा अथवा कानुनी आदेशले स्विकृति प्राप्त खण्डमा बाहेक, अन्य व्यक्तिगत डाटा तेस्रो पक्ष (यसमा काम जिम्मा दिएको कम्पनी पर्दैन।) लाई प्रदान गर्नेछैन।

6 साझा प्रयोग

इओन र ASSC ले व्यक्तिगत डाटा निर्दिष्ट व्यक्तिसँग साझा प्रयोग गर्ने खण्डमा, अग्रिम रूपमा प्रयोगकर्तालाई सूचित गर्ने अथवा प्रयोगकर्ताले थाहा पाउने गरी राख्नेछ।

7 डाटा स्थानान्तरण

(1) इओन र ASSC ले व्यक्तिगत डाटा जापान बाहेकका अन्य राष्ट्रहरूबाट ASSC को जापानमा रहेको कार्यालयमा
स्थानान्तरण गर्ने अवस्थाहरू हुन सक्छन्। EU तथा बेलायत क्षेत्रको राष्ट्र तथा क्षेत्रहरूमा भएको कारखाना, पसल, अफिस तथा अन्य ठाउँबाट ASSC को जापान भित्र रहेको कार्यालयमा व्यक्तिगत डाटाको स्थानान्तरण, जापानले प्राप्त गरेको पर्याप्त प्रमाणीकरण अनुसार हुनेछ।

(2) इओन र ASSC ले EU अथवा बेलायत क्षेत्रबाट पर्याप्त प्रमाणीकरण बमोजिम प्राप्त गरेको

व्यक्तिगत डाटालाई विदेशमा रहेको तेस्रो पक्षलाई प्रदान गर्दा, निम्न ①～③ मध्येको कुनै

एकमा पर्ने खण्डमा बाहेक, सम्बन्धित व्यक्तिले सहमति सम्बन्धी निर्णय गर्नको लागि आवश्यक स्थानान्तरण स्थानको स्थितिबारे जानकारी प्रदान गरी पहिले नै विदेशमा भएको तेस्रो पक्षलाई व्यक्तिगत डाटा प्रदान स्वीकार गर्ने बेहोराबारे सहमति लिनुपर्नेछ।

① सम्बन्धित तेस्रो पक्ष, व्यक्तिगत अधिकार र फाइदाको सुरक्षा सम्बन्धी, जापान समान स्तरमा भएको भनेर स्वीकार गरिएको व्यक्तिगत जानकारी सुरक्षा प्रणाली भएको राष्ट्रको रूपमा नियमनद्वारा रोकिएको राष्ट्र भएको खण्डमा

② व्यक्तिगत जानकारी ह्यान्डलिङ कम्पनी र व्यक्तिगत डाटा प्राप्त गर्ने तेस्रो पक्ष बीच, सम्बन्धित तेस्रो पक्षद्वारा व्यक्तिगत डाटाको ह्यान्डलिङ्गको बारेमा उपयुक्त तथा तर्कयुक्त विधि (सम्झौता तथा अन्य ढाँचाको बाध्यकारी व्यवस्था अथवा कम्पनी ग्रुपमा बाध्यकारी उपायहरू) द्वारा, व्यक्तिगत जानकारी सुरक्षा ऐन समानको व्यक्तिगत जानकारीको सुरक्षा सम्बन्धित उपायहरू लिङ्क गरेर सञ्चालन गरिरहेको खण्डमा

③ व्यक्तिगत जानकारी सुरक्षा ऐनको दफा 23 दफा उपदफा 1 को हरेक बुँदामा पर्ने खण्डमा

## 8 व्यक्तिगत डाटाको व्यवस्थापन

### (1) डाटा विवरणको सहीपन कायम राख्ने

इओन र ASSC ले व्यक्तिगत डाटालाई प्रयोग उद्देश्य प्राप्तिको लागि आवश्यक दायरामा, सही तथा नयाँ विवरणलाई कायम राख्नुका साथै, प्रयोग गर्नु आवश्यक नभएपछि सम्बन्धित व्यक्तिगत डाटा मेटाउन प्रयास गर्नेछ।

### (2) सुरक्षा व्यवस्थापन उपायहरू

इओन र ASSC ले व्यक्तिगत डाटाको चुहावट, हराउने अथवा क्षति रोकथाम तथा अन्य सुरक्षा व्यवस्थापनको लागि आवश्यक तथा उचित उपायहरू अपनाउनेछ।

### (3) कर्मचारीको निरीक्षण

इओन र ASSC ले व्यक्तिगत डाटा कर्मचारीहरूलाई ह्यान्डलिङ गराउँदा, व्यक्तिगत जानकारीको सही ह्यान्डलिङबारे पूर्ण रूपमा जानकारी गराउनुका साथै उचित शिक्षा दिई, आवश्यक तथा उचित सुपरिवेक्षण गर्नेछ।

(4) काम जिम्मा दिएको कम्पनीको निरीक्षण

इओन र ASSC ले व्यक्तिगत डाटा ह्यान्डलिङको काम जिम्मा दिने खण्डमा, काम जिम्मा दिएको कम्पनीमा उपयुक्त सुरक्षा व्यवस्थापन उपायहरू अपनाइएको सहयोगी कार्यालय चयन गरी, काम जिम्मा दिएको कम्पनीलाई आवश्यक तथा उचित सुपरिवेक्षण गर्नेछ।

9 प्रक्रियाका आधारहरू

इओन र ASSC ले निम्न अवस्थाहरूमा मात्र व्यक्तिगत डाटा सङ्कलन तथा प्रयोग गर्नेछ। कानुनी आधारहरू निम्न अनुसार रहेका छन्।

(1) प्रयोगकर्ताले आफ्नो व्यक्तिगत डाटाको प्रक्रियामा सहमति दिएको अवस्थामा।

(2) सप्लायर्स हटलाइनको सेवा प्रदान गरी, प्रयोग उद्देश्य प्राप्त गर्नको लागि प्रक्रिया आवश्यक अवस्थामा।

(3) इओन अथवा ASSC ले पालना गर्नुपर्ने कानुनी दायित्वहरू पालना गर्ने प्रक्रिया आवश्यक अवस्थामा।

(4) इओन, ASSC अथवा तेस्रो पक्षद्वारा खोजी गरिने जायज फाइदाको लागि प्रक्रिया आवश्यक अवस्थामा। "जायज फाइदा" मा व्यक्तिगत डाटा प्रयोग गरी दफा 3 प्रयोग उद्देश्यको कार्यान्वयन गर्नुका साथै जानकारी सङ्कलन गरी, प्रयोग उद्देश्यको कार्यान्वयनको सुधारमा योगदान पुर्‍याउने अवस्थाहरू हुन सक्छन्। तर प्रयोगकर्ताको, विषय गरी बालबालिका डाटा बिषय भएको अवस्थाको व्यक्तिगत डाटाको सुरक्षा आवश्यक आधारभूत अधिकार तथा स्वतन्त्रता सम्बन्धित अधिकारलाई प्राथमिकता दिने अवस्थामा यो नियम लागू हुनेछैन।

(5) सार्वजनिक हित अथवा इओन अथवा ASSC लाई दिइएको सार्वजनिक अधिकारको प्रयोगको लागि गरिने कार्य पूरा गर्ने प्रक्रिया आवश्यक अवस्थामा।

## 10 आफूसँग राख्ने व्यक्तिगत डाटासँग सम्बन्धित दर्ता

(1) प्रयोगकर्ता अथवा प्रयोगकर्ताको प्रतिनिधिबाट आफूसँग राख्ने व्यक्तिगत डाटाको प्रयोग उद्देश्यको जानकारी माग गरिएको बेला, निम्न अवस्थाहरू बाहेक, ढिलाइ नगरीकन जानकारी प्रदान गरिनेछ।

क प्रयोगकर्ताको पहिचान हुने आफूसँग राख्ने व्यक्तिगत डाटाको प्रयोग उद्देश्य स्पष्ट खण्डमा

ख प्रयोगकर्ता अथवा तेस्रो पक्षको ज्यान, शरीर, सम्पत्ति तथा अन्य अधिकार र फाइदामा हानि पुऱ्याउने खतरा भएको खण्डमा

ग इओन अथवा ASSC को अधिकार अथवा जायज फाइदामा हानि हुने खतरा भएको खण्डमा

घ राष्ट्रिय निकाय अथवा स्थानीय सार्वजनिक संघसंस्थाले कानुनी आदेशद्वारा तोकिएका मामिलाहरू पूरा गर्नको लागि सहयोग गर्नु आवश्यक भएको अवस्थामा, सम्बन्धित कार्य पूरा गर्न बाधा पुऱ्याउने खतरा भएको खण्डमा

(2) प्रयोगकर्ता अथवा प्रयोगकर्ताको प्रतिनिधिबाट आफूसँग राख्ने व्यक्तिगत डाटाको खुलासाको माग गरिएको खण्डमा, निम्न अवस्थाहरू बाहेक, ढिलाइ नगरीकन जानकारी प्रदान गरिनेछ।

क प्रयोगकर्ता अथवा तेस्रो पक्षको ज्यान, शरीर, सम्पत्ति तथा अन्य अधिकार र फाइदामा हानि पुऱ्याउने खतरा भएको खण्डमा

ख इओन अथवा ASSC को कामको उपयुक्त ढंगमा कार्यान्वयनमा उल्लेखनीय बाधा पुऱ्याउने खतरा भएको खण्डमा

ग कानुनी आदेशको उल्लङ्घन गर्ने खण्डमा

(3) प्रयोगकर्ता अथवा प्रयोगकर्ताको प्रतिनिधिबाट आफूसँग राख्ने व्यक्तिगत डाटाको संशोधन, थप, मेटाउने माग गरिएको खण्डमा, ढिलाइ नगरीकन सर्वेक्षण गरी, नतिजा बमोजिम उपयुक्त उपायहरू अपनाई, प्रयोगकर्तालाई सम्पर्क गरिनेछ।

(4) प्रयोगकर्ता अथवा प्रयोगकर्ताको प्रतिनिधिबाट आफूसँग राख्ने व्यक्तिगत डाटाको प्रयोग स्थगित अथवा मेटाउन माग भएको खण्डमा, माग गर्नु पछाडि कारण भएको कुरा पत्ता लागेको बेला, सही ढंगमा आवश्यक कार्यहरू गरिनेछ।

(5) प्रयोगकर्ता अथवा प्रयोगकर्ताको प्रतिनिधिबाट आफूसँग राख्ने व्यक्तिगत डाटाको प्रक्रिया

प्रतिबन्धको माग भएको खण्डमा, सही ढंगमा आवश्यक कार्यहरू गरिनेछ।

(6) प्रयोगकर्ता अथवा प्रयोगकर्ताको प्रतिनिधिबाट आफूसँग राख्ने व्यक्तिगत डाटालाई संरचना बनाई, सामान्य रूपमा प्रयोग गरी, अथवा मेसिनद्वारा रिडिङ गर्न सक्ने ढाँचामा लिनको लागि माग गरिएको खण्डमा, सही ढंगमा आवश्यक कार्यहरू गरिनेछ। साथै प्रयोगकर्ता अथवा प्रयोगकर्ताको प्रतिनिधिसँग, सम्बन्धित डाटालाई इओन अथवा ASSC लाई बाधा नपुऱ्याईकन, अन्य व्यवस्थापकमा सार्ने अधिकार हुनेछ।

(7) प्रयोगकर्ता अथवा प्रयोगकर्ताको प्रतिनिधिबाट, इओन अथवा ASSC अथवा तेस्रो पक्षद्वारा खोजी गरिने जायज फाइदाको उद्देश्यको लागि प्रक्रियाको आवश्यकता बमोजिम आफ्नो व्यक्तिगत डाटाको प्रक्रियामा विरोध जनाइएको खण्डमा, सही ढंगमा आवश्यक कार्यहरू गरिनेछ।

(8) प्रयोगकर्तासँग, आफूसँग सम्बन्धित कानुनी प्रभाव पर्न सक्ने अथवा उक्त प्रयोगकर्तालाई समान रूपमा ठूलो असर पार्ने प्रोफाईलिङ जस्ता स्वचालित प्रक्रियामा मात्र आधारित निर्णय नगर्ने अधिकार हुनेछ।

(9) आघिल्लो 8 को मागको खण्डमा, 13 मा लेखिएको हाम्रो कम्पनीको काउन्टरमा पठाउनुहोस्। प्रदान गरिएको व्यक्तिगत जानकारी, प्रयोगकर्ताबाट गरिएको मागको लागि आवश्यक कार्यहरू गर्ने उद्देश्यले प्रयोग गरी, कडाइका साथ भण्डारण गरिनेछ। बिजक तथा संलग्न कागजातहरू भने फिर्ता नपठाइने कुरा बुझिदिहुहोला।

## 11 पहिचान नहुने गरी प्रशोधित गरिएको जानकारीको बारेमा

इओन र ASSC ले कानुनी आदेश आदिको आधारमा व्यक्तिको पहिचान र व्यक्तिगत जानकारीको पुनर्स्थापना गर्न नसक्ने गरी उपयुक्त विधिद्वारा प्रशोधित गरिएको पहिचान नहुने गरी प्रशोधित गरिएको जानकारी प्राप्त गरी, विश्लेषण, छानबिन, सर्वेक्षण आदिमा उपयोग गर्नुका साथै, काममा आवश्यक दायरामा, सम्बन्धित जानकारी, पहिचान नहुने गरी प्रशोधित गरिएको जानकारी भएको कुरालाई खुलाई, यो निरन्तर रूपमा तेस्रो पक्षलाई प्रदान गर्ने अवस्थाहरू हुन्छ। EU अथवा बेलायत क्षेत्रबाट पर्याप्त प्रमाणीकरण बमोजिम प्राप्त गरेको व्यक्तिगत जानकारीको सन्दर्भमा, ASSC ले प्रशोधन विधि आदि जानकारी (यसलाई पहिचान

नहुने गरी प्रशोधित गरिएको जानकारी तयार गर्दा प्रयोग गरिएको व्यक्तिगत जानकारीबाट मेटिएको परिभाषा तथा व्यक्तिगत पहिचान कोड लगायत प्रशोधन विधिसँग सम्बन्धित जानकारी (त्यो जानकारी प्रयोग गरी सम्बन्धित व्यक्तिगत जानकारी पुनर्स्थापना गर्न सक्ने कुरामा मात्र सीमित हुनेछ।) लाई भनिन्छ) मेट्नाले, कसैले पनि प्रशोधन गरिएको व्यक्तिको पुनः पहिचान गर्न असम्भव हुन्छ। प्रदान गर्ने पहिचान नहुने गरी प्रशोधित गरिएको जानकारी मा हुने व्यक्तिसँग सम्बन्धित जानकारीको विषय तथा पहिचान नहुने गरी प्रशोधित गरिएको जानकारी प्रदान विधि निम्न अनुसार रहेको छ।

(1) तयार गर्ने पहिचान नहुने गरी प्रशोधित गरिएको जानकारी

लिङ्ग, उमेर जस्ता जानकारी
परामर्श विवरणसँग सम्बन्धित जानकारी

(2) तेस्रो पक्षलाई प्रदान गर्ने पहिचान नहुने गरी प्रशोधित गरिएको जानकारी

(i) तेस्रो पक्षलाई प्रदान गर्ने पहिचान नहुने गरी प्रशोधित गरिएको जानकारीमा हुने व्यक्तिसँग सम्बन्धित जानकारीको विषय

लिङ्ग, उमेर जस्ता जानकारी
परामर्श विवरणसँग सम्बन्धित जानकारी

(ii) पहिचान नहुने गरी प्रशोधित गरिएको जानकारी प्रदान गर्ने विधि

उपयुक्त याक्सेस व्यवस्थापन गरी सर्भर, व्यक्तिगत इमेल, अथवा हुलाक वा होम डिलिभरीद्वारा प्रदान गर्ने

## 12 व्यक्तिगत डाटा आफूसँग राख्ने अवधि

इओन अथवा ASSC ले प्रयोगकर्ताले अकाउन्ट बन्द नगरेसम्म प्रयोगकर्ताको व्यक्तिगत डाटा राख्नेछ। अकाउन्ट मेटाउने अनुरोध प्राप्त गरेपछि पनि, सुरक्षा तथा गलत प्रयोग रोकथामको लागि इओन अथवा ASSC ले आवश्यकता अनुसार निर्दिष्ट प्रयोगकर्ताको डाटा राख्ने अवस्थाहरू हुन सक्छन्।

13 सोधपुछ आदि तथा गुनासो व्यवस्थापन काउन्टर

सामान्य सम्मिलित संस्था द ग्लोबल अलायन्स फर सस्टेनेबल सप्लाइ चेन इओन सप्लायर्स हटलाइन कार्यालय

〒: 211-0006

कानगावा जिल्ला कावासाकी सहर नाकाहारा वडा मारुको दोओरी 1-653-7 तोवा सिटिकोप

सिनमारुको कोठा नं. 202

फोन: 0120-916-429 (मुख्य लाइन)

फोन खुला समय: 9:00 देखि 17:00 सम्म

(तर शनिबार, आइतबार, सार्वजनिक बिदा तथा हाम्रो कम्पनीको बिदाको दिन बाहेक।)

E-mail: voice_aeon@g-assc.org

14 गोपनीयता नीतिको संशोधनबारे

इओन र ASSC ले यस नीतिको विवरणलाई उपयुक्तको रूपमा समीक्षा गरी, आवश्यकता अनुसार परिवर्तन गर्ने अवस्थाहरू हुन सक्छन्। त्यस्तो अवस्थामा, संशोधन संस्करण सार्वजनिक मितिदेखि परिवर्तन पछिको गोपनीयता नीति लागू हुनेछ।

स्थापना 2020 साल डिसेम्बर 15 तारिख